संघीय लोकतान्त्रिक गणतन्त्रप्रति समर्पित

# मुलुकी

राष्ट्रिय दैनिक

माझखर्क साप्ताहिकको सह-प्रकाशन

खबर

मुलुकी दैनिकको भदौ महिनाको मासिक शुल्क बुझाउने जरुरी सुचना

मुलुकी दैनिक पत्रिकाको भदौ महिनाको मासिक शुल्क रु २०० दुई सय बितरकलाई पठाईदिन हुन जरुरी सुचना । थप जानाकारीको लागि ९८४२९८५१८८

■ बर्ष-१७, ▶▶ अंक १५ असोज ५ गते मंगलबार,२०७८, September–21 Tuesday 2021 ,यलेदुङ किरात सम्बत) ५०८१, उ.जि.प्र.का.द.नं. १४/०६२/६३ ■ पृष्ठ -४ ▶▶ मूल्य रु. १०/- www.majhkharka.com

# राष्ट्रहितविपरित हुनेगरी एमसीसी पास हुन दिदैनौ, नेता बस्नेत

मुलुकी संवाददाता
उदयपुर, असोज ४

नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजबादी)का केन्द्रीय सदस्य तथा १ नं. प्रदेश इन्चार्ज घनेन्द्र बस्नेतले अमेरिकन मिल्लेनियम च्यालेन्ज कर्पोरेशन (एमससी) कुनै पनि हालतमा जस्ताको तस्तै पारित हुन नदिने बताएका छन् ।

सोमबार गाईघाटमा आयोजित पत्रकार सम्मेलनमा नेता बस्नेतले एमसीसी पारित गर्दा देश र जनताप्रति घात नहुने गरी, राष्ट्रियतामा आँच नआउने गरी, सुरक्षा र सार्वभौमसत्तामा आघात नहुने गरी सच्याएर मात्र पास गर्नुपर्ने नेकपा पार्टीको अडान दोहोऱ्याए ।





नेकपा एकिकृत समाजबादी पाटीका एक नम्बर प्रदेश इन्चार्ज घनेन्द्र बस्नेत आईतबार गाईघाटको जिल्ला भेलालाई सम्बोधन गर्दै

बस्नेतले ओली सत्ताबाट हटे पनि एमसीसी पारित गर्न देशी विदेशी तत्वहरुसँग साँठगाँठ गरिरहेको बताए । एमसीसी पारित गराउने बहानामा काँग्रेस, माओबादी, एकीकृत समाजबादी, जनता समाजबादी र जनमोर्चाबीचको गठबनधन टुटाउने प्रयासमा ओली लागिरहेको बताउँदै उनले तर, गठबन्धन नटुट्ने बताए ।

ओलीले शेरबहादुर देउवासँग मिलेर गठबन्धन तोडन खोजे पनि काँग्रेसभित्र पनि एमसीसी जस्ताको तस्तै पारित गर्नुहुने एउटा ठूलै समूह रहेकाले ओलीको षडयन्त्र त्यति सजिलै सफल नहुने बस्नेतको बुझाई छ । एकीकृत समाजबादी गठनको औचित्य पुष्टि गर्दै बस्नेतले एमाले अध्यक्ष ओलीले नेपाली जनताले रगत बगाएरु ल्याएको परिवर्तन र सहिदको अवमूल्यन गरेको बताए ।

ओली अध्यक्ष भएपछि एमालेलाई दक्षिणपन्थी विसर्जनबाद र चरम पुँजीबादमा भसाउँदै लगेपछि धरासायी हुँदै गएको नेपाली कम्युनिष्ट आन्दोलनलाई बचाउन तथा संविधानको रक्षा गर्न नेकपा (एकीकृत समाजबादी) गठन गर्नुपर्ने बताए । 'एमालेको अध्यक्ष भएपछि ओलीले एकपछि अर्को गरी पार्टीलाई नेपाली कम्युनिष्टको मूल प्रवाहबाट दक्षिणपन्थतर्फ भसाउँदै लगे' बस्नेतले भने 'सुधार्न खोग्दा नसुध्रिएपछि कम्युनिष्ट आन्दोलन नै खतरामा

# मामपाले वहिस्कार गर्यो

मुलुकी संवाददाता
बेलका, असोज ४

माओबादी मजदुर पार्टी (मामपा) नेपालले संविधान दिवस वहिस्कार गरेको छ । नेपालको संविधान ०७२ जारी भएको दिनलाई सम्झदै अजोस ३ गते आईतबार मनाइएको दिवसलाई पार्टीले वहिस्कार गरेको जारी विज्ञप्तीमा जनाइएको छ ।

नेपालको संविधानले मजदुर किसान र अधिकतर नेपाली जनताको हित नगर्ने ठहर गर्दै दिवस वहिस्कार गरेको पार्टी महासचिव जगत कटुवालद्वारा जारी विज्ञप्तीमा उल्लेख छ । बिज्ञीतमा जनाए अनुसार संविधान सबैलाई स्विकार्य नभएको कारण नै आफुहरुले बहिष्कार गरेको भनिएको छ ।

*माओबादी मजदुर पार्टी (मामपा) नेपालले संविधान दिवस वहिस्कार गरेको छ । नेपालको संविधान ०७२ जारी भएको दिनलाई सम्झदै अजोस ३ गते आईतबार मनाइएको दिवसलाई पार्टीले वहिस्कार गरेको जारी विज्ञप्तीमा जनाइएको छ ।*

उदयपुरमा संविधान दिबसको अबसरमा बिबिध कार्यक्रम आयोजना भएको छ । जिल्ला सदरमुकाम गाईघाटमा रहेको विभिन्न बिद्यालयहरुले दिप प्रज्वलन गरी संविधान सभा दिवसलाई स्वागत गरेका छन् ।

## मुलुकी दैनिकको नयाा विज्ञापन दर

**मुलुकी दैनिक**मा मिति ०७५ साउनदेखि तपसिल बमोजिम विज्ञापन दर कायम गरिएको व्यहोरा पाठक/विज्ञापनदाता/ग्राहक महानुभावमा जानकारी गराइन्छ ।

| | |
|---|---|
| **आवरण पृष्ठ आधाः** | रु. २०,०००/- |
| ,, ,, चौथाई | रु. १२,५००/- |
| ,, ,, एयर प्यानल | रु. ५,०००/- |
| ,, प्रति सेमिकोलम | रु. ३००/- |
| **भित्रि पृष्ठ पूराः** | रु. २५,०००/- |
| ,, ,, आधा | रु. १५,०००/- |
| ,, ,, चौथाई | रु. ८,०००/- |
| ,, ,, प्रति सेमिकोलम | रु. २००/- |
| **अन्तिम पृष्ठ पूरा** | रु. ३०,०००/- |
| ,, ,, आधा | रु. १८,०००/- |
| ,, ,, चौथाई | रु. १०,०००/- |
| ,, ,, प्रति सेमिकोलम | रु. २५०/- |



सम्पादकीय...

# बेलुकी ७ बजेसम्म नगर प्रहरीलाई काम लगाऊ

उदयपुर जिल्लाको सदरमुकाम गाइघाटमा रहेको त्रियुगा नगरपालिकामा १२ जना नगर प्रहरीहरु कार्यरत छन । त्रियुगा नगरपालिकालाइ सुन्दर हरित गृह बनाउने योजना अनुसार २०७८ साउन १ गतेदेखि सरसफाई कार्यक्रम औपचारिक रुपमा सुरु गर्यो । नगरपालिकाको वडा ११ को गाईघाट बजार क्षेत्रलाई सुन्दर बनाउन सडकपेटिको झार जङ्गल प्रमुख जिल्ला अधिकारि तुलसीराम सेढाइ, जिल्ला प्रहरी कार्यालय उदयपुरका प्रमुख प्रहरी उपरीक्षक एसपि सुबासचन्द्र बोहोरा, सशस्त्र प्रहरीका उदयपुर प्रमुख प्रहरी उपरीक्षक एसपि सुधिर सुवेदी लगायत त्रियुगा नगरपालिकाका नगर प्रमुख मेयर बलदेब चौधरी, उपमेयर देबि कुमारी चौधरी, लगायतका ब्यात्तीहरुले सडकपेटि सफाई गरेर अभियान नै परिचालन गर्यो ।

यति धेरै काम नगरपालिकाले गर्दा पनि उदयपुर जिल्लाको सदरमुकाम गाईघाटको स्थानिय घरवाला र पसलवालाहरुको सोचाईमा फरक आयन । उनिहरुको घर अगाडी, पसल अगाडि रहेको फोहोर सिडियो, एसपि, मेयर, उपमेयर आयर सफाई गर्दा पनि चेत नखुल्ने व्यापारी र घरवालाहरु नै यो नगर सफाईको बाधक हुन। नगर प्रहरीको काम खोला किनारमा गयर ट्याक्टर को बिल काट्ने काम पक्कै होईन होला । गाईघाट बजार क्षेत्रको सडकपेटि मिचाहाहरुले सडकपेटी मिच्दा नगर प्रहरी कहाँ हरायो ? नगर प्रहरिको काम के हो मेयर साप ? त्रियुगा नगर प्रहरीको काम भनेको बिहान १० बजे कार्यालय आयर बेलुकी ५ बजे अन्य कर्मचारी जस्तै घर, कोठा फर्कने पक्कै होइन होला ? गाईघाट बजार छेत्रको सरसफाईलाई पूरा सफाई गर्ने हो भने त्रियुगा नगर प्रहरीलाई सिफ्टवाइज ड्युटी लगाउनु जरुरी छ। बिहान १० बजे आयर बेलुकी ५ बजे घर जाने नगर प्रहरीको काम छैन ।

नगर प्रहरीले सडकपेटि मिचेर व्यापार गर्ने ब्यापारिहरुको सामान राखीसके पछि ट्याक्टर, टिफर लगेर उठाउनु भन्दा पनि ति सडकपेटि मिच्ने ठाउहरुमा पसल, सामान राख्नु पुर्ब नै नगर प्रहरी त्यहा लगेर सो छेत्रमा ड्युटी राखिदिदा मात्र यो समस्या को समाधान हुनेछ। गाईघाटको हिमाली टोलमा अहिले सडकपेटिमा तरकारी व्यापार गर्ने सडकपेटि मिचाहाहरुको राज चलेको छ । नगर प्रहरि बिहान १० बजे कार्यालय आयर बेलुकी ५ बजे घर जाँदा ५ बजे पछि सो छेत्रमा सडकपेटि मिचाहाहरुको व्यापार सुरु हुन्छ । यसो र पनि सो छेत्रमा बेलुकी ७ बजेसम्म नगर प्रहरी परिचालन हुनुपर्यो । बिहान १० बजे आयर बेलुकी ५ बजे फर्किने नगर प्रहरीलाई आधा - आधा सिफट गरेर केही जनालाई १२ बजे आयर ७ बजे सम्म ड्युटी गरेर घर जाने ब्यबस्था मिलाउनुपर्दछ । होइन भने अतिरिक्त काम गर्ने नगर प्रहरीलाई अतिरिक्त ओभर टाईम पारिश्रमिक दियर भए पनि नगर सरसफाइमा नगर प्रहरीलाई लगाई बजार सफा गर्नु हामी सबैको जिम्मेवारी हो ।

# गाईघाट बजारमा असोज ४ गते सोमबार खुद्रा तरकारी बजार भाउ ।

| | | | |
|---|---|---|---|
| १, आलु | रु ४० | १६, धनियाँ | रु १०० |
| २, अदुवा | रु १२० | १७, लोकल बोडी | रु १४० |
| ३, टमाटर | रु ४० | १८, खर्बुजा | रु ४० |
| ४, बन्दा | रु ४० | १९, रायो साग | रु २०० |
| ५, भेन्टा | रु १०० | २०, लट्टे साग | रु १२० |
| ६, खुर्सानी | रु १६० | २१, प्याज | रु ६० |
| ७, मुला | रु ६० | २२, निगुरो | रु ६० |
| ८, पर्बल | रु १०० | २३ दुध | रु. ७० |
| ९, तितेकरेला | रु १०० | २४, दही | रु ९० |
| १०, भिन्डी | रु ६० | २५, मोही | रु ५० |
| ११, च्याउ | रु २४० | २६, घ्यु | रु ७०० |
| १२, काउली | रु १६० | २७, राँगाको मासु | रु ४०० |
| १३, फर्सी | रु ५० | २८, बंगुरको मासु | रु ४०० |
| १४, कटहर | रु ४० | २९, खसीको मासु | रु १,००० |
| १५, काँका | रु ५० | | |

# क्षेत्रिय सभापतिमा खगेन्द्र राईको उमेदवारी

बेद कुमारी राई
चौदण्डीगढी, असोज ४

नेपाली काँग्रेसको उदयपुर जिल्ला क्षेत्र नं. १ को क्षेत्रिय सभापति पदका लागि चौदण्डीगढी नगरपालिकाका मेयर खगेन्द्र राईले उमेदवारी घोषणा गरेका छन् ।

नेपाली काङ्ग्रेसको १४औँ महाधिवेशनका पुर्व सन्ध्यामा अहिले वडाको अधिबेशन सकिसकेको छ भने अब नगर र क्षेत्र र जिल्ला, प्रदेश हुँदै केन्द्रको महाधिबेशन हुन बाँकी छ ।

उमेदवारी घोषणा गर्दै मेयर राईले पार्टीलाई एकीकृत गर्दै क्षेत्रमा काँग्रिसको संगठनलाई बलियो बनाउन क्षेत्रिय पार्टी सभापतिमा उम्मेद्वारी घोषणा गरेको जानाकारी दिए । नेपाली काङ्ग्रेस उदयपुरको एक नम्बर क्षेत्रमा यस अघि लामो समय भोजराज खतिवडा क्षेत्रिय सभापति रहेका थिए । यो पटक भने भोजराज खतिवडाले उमेदवारी नदिई खगेन्द्र राईले एक नम्बर क्षेत्रमा क्षेत्रिय सभापतिको निर्बाचनमा उमेदवारी घोषणा गरेका हुन् ।

नेपाली काङ्ग्रेस उदयपुरको निर्बाचन क्षेत्र नम्बर एकमा नेपाली काङ्ग्रेस धेरै बलियो छ । संविधान सभाको २०६४ साल, २०७० साल र २०७४ सालमा भएको संघिय निर्बाचनमा पनि एक क्षात्र निर्बाचन जितेका डाक्टर नारायण खड्काको निर्बाचन क्षेत्र भएकाले पनि यो क्षेत्र धेरै बलियो क्षेत्र हो । काङ्ग्रेस उदयपुरको निर्बाचन क्षेत्र नम्बर १ मा बलियो हुनुको मुख्य कारण खगेन्द्र राई पनि हुन् ।




# हार्दिक श्रदाञ्जली

जन्म - बि.स. १९९०
चैत २२ गते



निधन - बि.स. २०७८
भदौ १२ गते

स्वर्गिय - गजुरमान राई

हाम्रो आपा (बुबा) गजुर मान राई बि.स. १९९० साल चैत महिना २२ गते उदयपुर जिल्लाको तत्कालिन आपटार गाबिस वडा नम्बर ५ जगरे हालको रौतामाई गाउँपालिका ५ जगरेमा जन्म भई बि.स. २०७८ साल भदौ १२ गते उदयपुर जिल्ला त्रियुगा नगरपालिका वडा नम्बर १० बोक्सेमा असामायिक दुखद निधन भएकोमा हार्दिक श्रदाञ्जली अर्पण गर्दछौ । स्वर्गिय बुबाको आत्माले शान्ति पाओस कामना गर्दछौ ।

श्रीमती - ललित कुमारी राई

छोरी - तारा कुमारी राई/छोरा - उत्तम कुमार राई

त्रिनपा- १० बोक्से, उदयपुर







| | |
|---|---|
| गाईघाट-कदमाहा | ८७.४९ |
| गाईघाट-लहान | १००.९५ |
| गाईघाट-रुपनी | १५९.८६ |
| गाईघाट-राजबबीराज | १८५.०९ |
| गाईघाट-ईटहरी | ३३७.९२ |
| गाईघाट-धरान | ३७१.२० |
| गाईघाट-बीराटनगर | ३८२।७२ |
| गाईघाट-बीर्तामोड | ५३८.४८ |
| गाईघाट-काकडभीठा | ५५६.८० |
| गाईघाट-मीँचैया | १६८.२७ |
| गाईघाट-कटारी | २५२.४० |
| गाईघाट-ढल्केवर | २६०.८३ |
| गाईघाट-जनकपुर | ३०१.३१ |
| गाईघाट-चन्द्रनीगाहपुर | ३९५.४४ |
| गाईघाट-पथलैया | ५०४.८२ |
| गाईघाट-बीरगन्ज | ५८०.१० |

| | |
|---|---|
| गाईघाट -हेटौडा | ५९६.९९ |
| गाईघाट -नारायणघाट | ७४०.४२ |
| गाईघाट- काठमाण्डौं | ११०३९.७ |
| गाईघाट -पोखरा | १०९०.२१ |
| गाईघाट-जलजले चुहाडे | ४४.८० |
| गाईघाट-कालीखोला | ६४.०० |
| गाईघाट-होक्से | ७६.८० |
| गाईघाट -नाम्जे | ८९.६० |
| गाईघाट-कौवाई | ११५.२० |
| गाईघाट -मुर्कुची | १२८.०० |
| गाईघाट-अधेरी | १५३.६० |
| गाईघाट -फर्से | १६६.४० |
| गाईघाट -देउराली | १७९.२० |
| गाईघाट -नेपालटार | १९२.०० |
| गाईघाट -रामपुर | ३२१.२८ |
| गाईघाट- जाँते | ७६८.०० |

# क्रियाशील पत्रकार महिला सुनसरीको क्षमता अभिवृद्धि तालिम

मुलुकी संवाददाता
उदयपुर, असोज ४

क्रियाशील पत्रकार महिला (डब्लु डब्लु जे) सुनसरीद्वारा दुई दिने राजनीति र समसामयिक विषयक तालिम भएको छ। सुनसरीमा कार्यरत पत्रकार महिलाहरूको क्षमता अभिवृद्धि गर्ने उदेश्यले आईतबार र सोमबार दुईदिन उक्त तालिम आयोजना गरिएको हो।



भेडेटारमा आयोजित तालिममा २५ जना सहभागी पत्रकार महिलालाई राजनीतिक तथा समसामयिक बिषयमा समाचार लेखन सम्बन्धि प्रशिक्षण नेपाल पत्रकार महासंघको सल्लाहकार, संचारिका समुहको पूर्व अध्यक्ष निर्मला शर्मा र क्रियाशील पत्रकार महिला केन्द्रीय उपाध्यक्ष, अन्नपूर्ण पोष्टको प्रदेश व्युरो संयोजक रामकला खड्काले दिएका हुन्।

क्रियाशील पत्रकार महिला (WWJ) सुनसरीको अध्यक्ष मनिता चाम्लिङको अध्यक्षतामा आयोजित प्रशिक्षणमा नेपाल पत्रकार महासंघ केन्द्रीय सदस्य भीषण राई, महासंघ प्रदेश १ अध्यक्ष लिलाबल्लभ घिमिरे, क्रियाशिल पत्रकार महिला प्रदेश १ प्रमुख गंगा बराल, महासंघ प्रदेश १ सचिव सन्तोष यादब, महासंघ सुनसरी अध्यक्ष जनकऋषि राई लगायतले पत्रकारिता सम्बन्धि आफ्नो अनुभवद्वारा उत्प्रेरणा तथा ज्ञान सहभागीहरुलाई प्रदान गरेको क्रियाशील पत्रकार महिला सुनसरीकी सचिव सन्जु राईले जानकारी गराईन्।

# राष्ट्र....

परेकाले हामीले नेकपा एस बनाउन बाध्य भयौं ।' नेकपा (एस)ले मुलुकको कम्युनिष्ट आन्दोलनको रक्षा गर्दै, समाजबादी आन्दोलनतर्फ अघि बढाउने बस्नेतको दावी थियो । ओली पार्टी र सरकारको नेतृत्वमा आएपछि जनताले प्राप्त गरेको संघीयता, गणतन्त्र, धर्मनिरपेक्षता, समावेशी समानुपातिक व्यवस्था जस्ता ऐतिहासिक उपलब्धीहरु सिध्याउने काममा निरन्तर लागिपरेको आरोप बस्नेतको थियो ।

पार्टीलाई एकपछि अर्को भ्रष्ट, अनैतिक र अराजक समूहमा रुपान्तरप गर्दै गएपछि त्यसको रक्षा गर्ने जिम्मा लिन एस गठन भएको उनले बताए । जनताले दिएको झण्डै दुईतिहाई बहुमतको विश्वासमाथि ओलीले गम्भीर कुठाराघात गर्दै प्रतिगमनतर्फ अघि बढेको भन्दै उनले त्यसको रक्षा गर्न पनि एस गठन गर्नुपर्ने बाध्यता आईपरेको बस्नेतले बताए ।

आन्तरिक सुद्धिकरणको कुरा राख्दा माधव नेपाल र झलनाथ खनाललगायत मुर्धन्य नेताहरुलाई मुलढोका प्रवेशमा रोक लगाउदै बाहिरिन बाध्य बनाएको उनले बताए । अहिले माधव नेपाललाई पार्टी पुटाएको आरोप लगाउने ओलीले ०७७ फागुन २८ गते आफुनिक्ट गुट भेला बोलाएर विधानबिपरित केन्द्रीय सदस्य मनोनितलगायत कार्य गरेर पार्टी फुटाउने सुरुवात गरेको उनको भनाई थियो। आफै एमाले फुटाउने अनि अरुलाई दोष दिने ओलीमाथि सर्वोच्च अदालतले नेकपा बिघटन गर्दै एमाले र माओबादी केन्द्र अलगअलग बनाईदिएपछि गुट भेलाबाट पार्टी फुटाएको आरोप उनको छ। ओलीले सहिदको रगतबाट प्राप्त परिवर्तन, कम्युनिष्टको बहुमत सरकार र ऐतिहासिक उपलब्धीहरुलाई एकपछि अर्को गर्दै दक्षिणपन्थमा लगेर आत्मसमर्पया गराउँदै संविधान नै सिद्ध्याउने खेलमा लागेको पनि बस्नेतको आरोप थियो । यस्तो अवस्था आएपछि देशलाई अनिर्णयको बन्दी हुनबाट बँचाउन नेकपा (एस)को जन्म भएको उनले बताए ।












# नेपाली महिला फुटबल टिमले हङकङको सामना गर्दै

बिबेक राई

**काठमाडौं, असोज ४**
अर्को वर्ष भारतमा हुने एएफसी महिला एशियन कप छनौटको लागि आज नेपालले हङकङको सामना गर्दैछ। समुह एफ मा आजको खेलमा नेपाललाई जित्नैपर्ने दबाब छ। यसअघि शनिबार भएको समुहको पहिलो खेलमा जित नजिक पुगेरपनि फिलिपिन्ससँग २-१ ले पराजित भएपछि नेपाललाई आज हङकङविरुद्ध जित्नैपर्ने दबाब भएको हो। तर फिफा वरियतामा नेपालभन्दा हङकङ २६ स्थान माथि छ। फिफा वरियतामा नेपाल १०१ औं स्थानमा छभने हङकङ ७६ औं स्थानमा छ।


रोचककुरा त नेपाली महिला फुटबल टोलीको पहिलो अन्तरार्ष्ट्रिय खेल नै हङकङविरुद्ध थियो। सन् १९८६ को १४ डिसेम्बरमा नेपाल र हङकङको उक्त भेटमा नेपालले १-० को प्रतिस्पर्धात्मक हार व्योहोरेको थियो। अहिलेको महिला एशियन कपलाई त्यतिबेला एएफसी महिला च्याम्पियनसिपको नामले खेलाइन्थ्यो जुन छैटौं संस्करण थियो। त्यतिबेला आयोजक हङकङसँगै नेपाल, थाइल्याण्ड र इण्डोनेशिया समुह बी मा परेका थिए तर नेपाल र हङकङले समुह चरण पनि पार गर्न सकेनन्।

थाइल्याण्ड र इण्डोनेशिया चाँहि समुह विजेता र उपविजेता हुँदै अघि बढेर प्रतियोगितामा तेस्रो र चौथो सम्म भएका थिए। त्यसपछि नेपाल र हङकङको भेट १९८९ को सातौं संस्करणमा भएको थियो। यतिबेला पनि हङकङ नै आयोजक थियो। योपटक पनि हङकङ र नेपाल समुह बी मा नै परेको थियो। समुह बी मा नेपाल र हङकङसँगै जापान र इण्डोनेशिया पनि थियो। योपटकको भेटमा चाँहि नेपालले हङकङसँग ३-० को नमज्जाको हार व्योहोर्‍यो।

जापान र हङकङ समुह विजेता र उपविजेता हुँदै अघि बढेपनि पछि प्रतियोगितामा यी दुई टोली तेस्रो र चौथो भएका थिए। यसरि हङकङसँग नेपालले भेटेको अहिलेसम्मको दुवै भेटमा नै पराजित भएको छ। तर गत शनिबार हङकङभन्दा माथिको टोली फिलिपिन्ससँगको प्रतिस्पर्धा हेर्दा नेपालले राम्रै खेल्ने अपेक्षा गर्न सकिन्छ। नेपालको समुह एफ को छनौट खेल सुरुमा नेपालमै आयोजना हुनेथियो तर बढ्दो कोरोनाको प्रभाव र आ-आफ्नो देशको नियमले गर्दा तटस्थ मैदानको रुपमा उज्वेकिस्तानमा खेलाइदै छ।

आज नेपाल र हङकङकोखेल उज्वेकिस्तानको राजधानी तास्केन्टस्थीत जार रंगशालामा नेपाली समयानुसार साँझ ६:४५ बजे हुने तालिका छ। नेपाललाई जित्नैपर्ने दबाब छभने हङकङकलाई यसपछि फिलिपिन्ससँगको खेलको नतिजाले पनि अघि बढाउन सक्छ। उसोत छनौट हुनको लागि नेपाललाई जितबाहेक शुक्रबार हुने फिलिपिन्स र हङकङबीचको खेलको नतिजाले पनि प्रभाव पार्न सक्छ। जम्मा आठ समुहका विजेता छनौट भएर जानेछ भने बाँकी चार टोली पहिल्यै छनौट भइसकेका छन्।

पहिल्यै छनौट भइसक्ने चार टोलीमा आयोजक भारत र २०१८ को गत संस्करणमा पहिलो, दोस्रो र तेस्रो हुने जापान, अष्ट्रेलिया र चीन हुन्। त्यसैगरि घरेलु फुटबलमा सोमबार भएको सी डिभिजन छनौट खेलमा राप्ती रिभर युथ क्लब र चन्द्रगिरि स्पोर्ट्स एकेडेमीले जित हात पारेका छन्। समुह एक्स मा राप्तीले चौतरा स्पोर्टिङ क्लबलाई ५-१ र समुह एस मा चन्द्रगिरिले शिवपुरी युथ क्लबलाई २-० ले पराजित गर्‍यो। दिउँसो ३:३० बजे समुह टी मा लक्की स्टार क्लब र नेपालय फुटबल क्लबले ३-३ को बराबरी खेले।



# हार्दिक श्रदाञ्जली

जन्म - बि.स. १९९०
चैत २२ गते



निधन - बि.स. २०७८
भदौ १२ गते

स्वर्गिय - गजुरमान राई

मेरा स्वर्गिय बुवा तिलक राम राईको पुसै (फुपाजु) श्री गजुर मान राई बि.स. १९९० साल चैत महिना २२ गते उदयपुर जिल्लाको तत्कालिन आपटार गाबिस वडा नम्बर ५ जगरे हालको रौतामाई गाउँपालिका ५ जगरेमा जन्म भई बि.स. २०७८ साल भदौ १२ गते उदयपुर जिल्ला त्रियुगा नगरपालिका वडा नम्वर १० बोक्सेमा असामायिक दुखद निधन भएकोमा हार्दिक श्रदाञ्जली अर्पण गर्दछु। साथै शोकसन्तप्त परिवार प्रति धैर्यधारणा गर्ने शक्ति मिलोस कामना गर्दछ।

बुद्धि कुमार राई
सम्पादक
मुलुकी दैनिक परिवार









मुलुकी
प्रकाशक : महेश्वर चामलिङ, सम्पादक : बुद्धिकुमार राई
प्रबन्ध निर्देशक : दिनेश चामलिङ कानुनी सल्लाहकार : अधिवक्ता कृष्ण बस्नेत,
कार्यालय– त्रियुगा नगरपालिका -११, गाईघाट उदयपुर, प्रदेश नमबर १, फोन:– ९८४२९८५१८८, ९८०३७२७८८०,
Email: mulukinews@gmail.com/rodung@gmail.com
wesite: www.majhkharka.com
मुद्रण : लक्ष्मी अफसेटप्रेस, गाईघाट